# श्री काठमाडौ जिल्ला अदालत

## बबरमहल काठमाण्डौ

### जिन्सि शाखा

फोननं४४२२३९३२
मितिः-२०७७/०४/१४

दुईपाङ्ग्रे सवारी साधन लिलामको सुचना

सुचना प्रकाशन मिति २०७७/०४/१५

यस अदालतमा विभिन्न मुद्दाहरूमा दशिको रूपमा प्राप्त हुन आई जिन्सिमा आम्दानि बाँधिएका मुल्यांकन सुचिमा उल्लेखित मोटरसाईकल/स्कुटर थान-४७ को न्युमतम् मुल्य रू.३०,३८०००/-(तिसलाख अठतिस हजार) कायम गरि जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(९) बमोजिमका निकायहरूमा सुचना जारीगरि शिलवन्दि वोलपत्रको माध्यमबाट लिलाम बिक्रि गर्ने गरि मिती २०७७/०३/१९ मा भएको निर्णय बमोजिम ईच्छुक व्यक्ति,संस्था वा फर्महरूबाट देहाय बमोजिमको सर्तहरूको अधिनमा रही **शिलवन्दि वोलपत्रको माध्यमद्धारा** लिलाम बिक्रि गर्ने व्यहोरा सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१.शिलवन्दि वोलपत्रद्धारा लिलामबिक्रि गरिने मिती समय र स्थानः-**२०७७/०५/२ गते दिउसो १.०० बजे देखि ३.०० बजेसम्म यस अदालतको जिन्सि शाखा।**

२. शिलवन्दि वोलपत्रमा सहभागि हुने व्यक्ति,संस्था वा फर्मले **मिती२०७७/०५/१ गतेसम्म** शिलवन्दि दरभाउपत्र फारम लिई सक्नु पर्नेछ।

३. शिलवन्दि वोलपत्रमा सहभागि हुने व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि सहित र संस्था वा फर्मको हकमा संस्थाको करचुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि कवुल अंकको कम्तिमा १० प्रतिशत रकम दाखिला गरेको भौचर समेत साथै राखि व्यक्तिको हकमा स्वयं र संस्था वा फर्मको आधिकारिक व्यक्तिबाट शिलवन्दि वोलपत्र फारम दस्तुर **रू.२,०००/-** तिरी मिती २०७७/०५/२ गते १२.०० बजे सम्ममा शिलवन्दि वोलपत्रमा सहभागि हुन निवेदन दर्ता गर्नु पर्नेछ ।

४. त्यसरी निवेदन दर्ता गराउने व्यक्ति, संस्था वा फर्मले मिती २०७७/०५/२ गते १ बजेदेखि ३ बजेसम्म सम्पन्न हुने शिलवन्दि वोलपत्रद्धारा हुने लिलाम कार्यमा स्वयं उपस्थीत हुनुपर्नेछ ।निवेदन दर्ता गराई सो मिती समयमा उपस्थित नहुने व्यक्ति,संस्था वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समयसम्म निवेदन दर्ता नगराउनेलाई शिलवन्दि वोलपत्रमा सहभागि गराईने छैन ।उक्त दिन कुनै बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने पहिलो दिन सोहि मिती समयमा सोहि प्रकृयाद्धारा उपरोक्त सवारिसाधनहरू लिलाम बिक्रि गरिनेछ ।

५. शिलवन्दि वोलपत्रमा सहभागि हुन निवेदन दर्ता गराई निर्धारित समयमा एकजना व्यक्ति , संस्था वा फर्म मात्र उपस्थित भए बढाबढद्धारा मुल्य कायम गरिने र एक भन्दा बढि व्यक्ति, संस्था वा फर्म उपस्थित भएमा उपस्थित व्यक्ति,संस्थाहरूको तर्फबाट प्रतिनिधित्व गर्ने पक्ष बिच शिलवन्दि वोलपत्र प्रकृयामा सबभन्दा बढि अंक कबुल गर्ने व्यक्ति फर्म वा संस्थालाई उक्त सम्पुर्ण सवारिसाधन एकमुष्ट रूपमा शिलवन्दि वोलपत्रद्धारा बिक्रि गरिनेछ ।

६. शिलवन्दि वोलपत्रमा आफुले कवुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंक वालुवाटारमा कोष तथा लेखा नियन्त्रकको कार्यालय काठमाण्डौको धरौटि खाता नं. १२०-१२००-००१-००२-५२४ र यस अदालतको कार्यालय कोड नं.२७-२०४-०३ मा धरौट राखेको सक्कल भौचर सहितको शिलवन्दि फारम पेश गर्नु पर्नेछ ।

७. शिलवन्दि वोलपत्रमा सबभन्दा बढि अंक कबुल गर्ने व्यक्ति फर्म वा संस्थाले ७ दिनभित्र आफुले कवुल गरेको मुल्यको १३ प्रतिशतले हुने मुल्य अभिवृद्धिकर एवं बाँकि रकम समेत नेपाल राष्ट्र बैंक वालुवाटारमा कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौको धरौटि खाता नं. १२०-१२००-००१-००२-५२४ र यस अदालतको कार्यालय कोड नं.२७-२०४-०३ मा धरौट राखेको सक्कल भौचर सहित बुझाई सो बुझाएको ५ दिन भित्र सामान उठाई लैजानु पर्नेछ ।साथै मनासिव माफिकको कारण परेमा बाहेक तोकिएको दिन भित्र मुल्य अभिवृद्धि कर र बाँकि रुपैंया नबुझाएमा सुरूमा पेश भएको १० प्रतिशत रकम जफत हुनेछ । वोलपत्रमा सबभन्दा बढि अंक कवुल गर्ने व्यक्ति,संस्था वा फर्मको बाहेक अन्यको धरौटि नियमानुसार फिर्ता गरिनेछ ।

८. लिलाममा चढेको सम्पुर्ण मोटरसाईकल/स्कुटरको तोकिएको न्युनतम् मुल्य वा सो भन्दा बढिमा लिन मन्जुर गर्ने मध्ये अधिकतम् मुल्य कवुल गर्ने पक्षलाई लिलाम गरिने हुँदा सो को लाग्ने रकम एकमुष्ट कवुल गर्नु पर्नेछ ।

९. लिलाम गरिने मोटरसाईकल/स्कुटरहरू हेर्न चाहेमा यस अदालतको जिन्सि शाखामा सम्पर्क राखि हेर्न सकिनेछ ।

१०. एउटाको नाममा दर्ता हुन आएको शिलवन्दि वोलपत्र सहितको निवेदनपत्र अन्यले प्रयोग गर्न पाउने छैन ।निवेदनपत्र दर्ता गराईसकेपछि फिर्ता लिन पाईने छैन ।

११. अन्य कुराहरू सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।लिलाम हुने सम्पुर्ण सवारिसाधनहरूको न्युनतम् एकमुष्ट मुल्य **रू.** ३०,३८,०००/-/- (तिसलाख अठतिस हजार) रहेको छ ।